मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ८१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ २३ गते शुक्रबार (Friday, 6 February. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


## नक्कली नोटसहित एक जना पक्राउ

**सुनसरी, माघ २२।** सुनसरीको हरिनगरा गाउँपालिका-१स्थित एक किराना पसलबाट सामान खरिदका क्रममा नक्कली नोट दिएको सूचनापछि प्रहरीले एक जना युवालाई नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय सुनसरीको अन्वेषण तथा योजना शाखाले दिएको जानकारी अनुसार बुधवार राति किराना पसलमा नक्कली नोट प्रयोग गरिएको भन्ने जानकारी प्राप्त हुनासाथ प्रहरी चौकी रामनगर भुटाहाबाट खटिएको टोलीले शंकास्पद व्यक्तिलाई

*(बाँकी अन्तिम पृष्ठमा)*

## बम काण्ठमा संलग्न खरेल थुनामा



**झापा, माघ २२।** विष्फोटक पदार्थ सम्बन्धी कसुर मुद्दामा पक्राउ परेका झापा दमक-१का ४८ वर्षीय खगेन्द्र खरेल पुर्पक्षका लागि थुनामा पठाइएका छन्।

झापा जिल्ला अदालतको माघ २१ गतेको आदेश अनुसार उनलाई सुनसरीस्थित झुम्का कारागार चलान गरिएको हो। इलाका प्रहरी कार्यालय अनारमनीको हिरासतमा रहेका खरेललाई बुधबारसाँझ करिब ७ बजेर ५० मिनेटको समयमा प्रहरी नायब निरीक्षक प्रकाश मेहताको कमाण्डमा खटिएको चार जनाको प्रहरी टोलीले कारागारतर्फ लगेको थियो।

नेपाल प्रहरी लेखिएको सेतो बुलेरो गाडीमार्फत लगिएका खरेललाई राति करिब ९ बजेर ४५ मिनेटको समयमा झुम्का कारागार बुझाइएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार खरेलमाथि विष्फोटक पदार्थ सम्बन्धी कसुरमा थप अनुसन्धान जारी रहेको छ।

**को हुन् खरेल ?**

२०३४ साल वैशाख १७ गते ताप्लेजुङमा जन्मिएका खरेल बाल्यकालमै बुबाआमासँग भारत गएका थिए। उनी भारतको आसाममा बसेर अध्ययन गरेको प्रहरी स्रोत बताउँछ। उनका बुबाआमा हाल झापामा बस्दै आएका छन् भने अन्य आफन्त आसाममै छन्।

प्रहरीका अनुसार खरेल सन् १९९७मा भारतीय सेनामा भर्ती भएका थिए। त्यहाँ केही वर्ष काम गर्ने क्रममा उनले बम बनाउने, हतियार चलाउने र विस्फोटक प्रयोग सम्बन्धी सिप सिकेको प्रहरीको दाबी छ। जागिर छाडेपछि सन् २००८ मा नेपाल फर्किएका उनी वैदेशिक रोजगारीका क्रममा दुबई पनि गएका थिए। नेपाल फर्किएपछि उनी 'ग्रेटर नेपाल' र 'हिन्दूराष्ट्र नेपाल' जस्ता अभियानमा सक्रिय रहेको प्रहरीको भनाइ छ।

**यस्तो छ बम आतंकका पटके अभियुक्तको आपराधिक इतिहास**

प्रहरीको अभिलेख अनुसार खरेल श्रृंखलाबद्ध बम आतंकमा संलग्न पटके अभियुक्त हुन्। उनले यसअघि झापा र सुनसरीका विभिन्न घटनामा संलग्न भई दुईपटक कारागार सजाय भोगिसकेका छन्।

गतवर्ष सुनसरीको इटहरीमा नक्कली बम (होक्स) राखेर आतंक सिर्जना गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको थियो। तीमध्ये एक खरेल थिए। उनीसँगै इटहरी उपमहानगरपालिका-४की ३६ वर्षीया लक्ष्मीदेवी थापालाई पनि प्रहरीले नियन्त्रणमा लिएको थियो।

२०८१ साल पुस १६ गते इटहरी उपमहानगरपालिका कार्यालय अगाडि, सुनसरी-मोरङ जोड्ने बुढीखोला पुल तथा धरान-इटहरी जोड्ने भोटेखोला पुलमा बम राखिएको सूचना प्रहरीलाई प्राप्त भएको थियो। सूचनामा मानवीय क्षति पुऱ्याउनेभन्दा पनि पुल भत्काउने उद्देश्य रहेको उल्लेख थियो।

प्रहरीले खोजतलास गर्दा इटहरी उपमहानगरपालिका कार्यालय अगाडि नक्कली बम फेला पारेको थियो भने

*(बाँकी अन्तिम पृष्ठमा)*

### ०४८को आम निर्वाचनपछि एमालेलाई रोक्ने बुढाथोकी मात्रै

# झापा ४: कसले मार्ला बाजी ?

**सुरेन्द्र भण्डारी**



**देउकुमार थेवे**
**नेपाली कांग्रेस**




**लालप्रसाद (एलपी) साँवा**
**नेकपा एमाले**



**शम्भुप्रसाद ढकाल (सुस्केरा)**
**रास्वा**



**पुरुषोत्तम चुडाल**
**नेपाली कम्युनिष्ट पार्टी**



**भक्तिप्रसाद सिटौला**
**राप्रपा**

**झापा, माघ २२।** २०४६मा प्रजातन्त्र पुनर्स्थापना भएपश्चात् २०४८मा पहिलो आम निर्वाचन भयो।

जतिबेला झापा ७ वटा निर्वाचन क्षेत्रमा विभाजित थियो। त्यस क्रममा झापा क्षेत्र नम्वर ५मा नेकपा एमालेका उम्मेद्वार चन्द्रप्रकाश मैनाली १८,८९२ मतका साथ निर्वाचित भए। उनले नेपाली कांग्रेसका उम्मेदवार रामवावु प्रसाईलाई पराजित गरेका थिए। प्रसाईले सो निर्वाचनमा ११,९४८ मत प्राप्त गरेका थिए।

२०५१ सालमा भएको आम निर्वाचनमा पनि १६,३६१ मतका साथ नेकपा एमालेका उम्मेदवार राधाकृष्ण मैनाली निर्वाचित भए। उनले नेपाली कांग्रेसका उम्मेदवार सूर्यनारायण ताजपुरियालाई पराजित गरेका थिए। ताजपुरियाले १३,८९८ मत प्राप्त गरेका थिए।

२०५६मा भएको आम निर्वाचनमा नेकपा एमालेका तारासम योङ्या १९,१९९ मतका साथ निर्वाचित भए। उनले नेपाली कांग्रेसका उम्मेदवार सन्तोषकुमार मेयाङ्वोलाई पराजित गरेका थिए। उनले १६,६५१ मत प्राप्त गरेका थिए। लगातार तीनपटकको निर्वाचनमा सहज जित निकालेको नेकपा एमालेलाई ब्रेक लगाउन नेपाली कांग्रेसका उम्मेदवार केशवकुमार बुढाथोकी (स्व.) निस्किए।

मुलुकमा १० वर्षे सशस्त्र द्वन्द्वपछि शान्ति स्थापना भएसंगै २०६४ साल चैत्र २८ गते संविधानसभाको पहिलो निर्वाचन सम्पन्न भएको थियो। सो निर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट १६,४७७ मतका साथ केशवकुमार वुढाथोकी निर्वाचित भए। उनले नेकपा माओवादीका उम्मेदवार हर्कबहादुर खड्का (१५,५४८) लाई पराजित गरेका थिए।

पहिलो संविधानसभाबाट निर्वाचित प्रतिनिधिले संविधान निर्माण गर्न नसकेपछि २०७० सालमा पुनः दोस्रो संविधानसभाको निर्वाचन भयो। सो निर्वाचनमा पनि नेपाली कांग्रेसका तर्फबाट उम्मेदवार बनेका बुढाथोकीले १६,५८७ मत प्राप्त गर्दै नेकपा एमालेका उम्मेदवार लालप्रसाद साँवा लिम्बूलाई पराजित गरे। लिम्बूले सो निर्वाचनमा १६,३४७ मत प्राप्त गरेका थिए। अर्थात् नेकपा एमालेका उम्मेदवार लिम्बूलाई उनले २४० मतको अन्तरले पछि पार्दै नेपाली कांग्रेसको शाख जोगाएका थिए।

त्यसपछि झापामा निर्वाचन क्षेत्र घटाइयो। सात वटा निर्वाचन क्षेत्र रहेको झापा ५ वटा निर्वाचन क्षेत्रमा सीमित बन्यो। तत्कालीन झापा ५लाई निर्वाचन क्षेत्र घटाइएसँगै क्षेत्र नम्वर ४मा रुपान्तरण गरियो।

२०७४ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा नेकपा एमालेका तर्फबाट पुनः लालप्रसाद साँवा लिम्बू उम्मेदवार भए। उनले नेपाली कांग्रेसका उम्मेदवार देउकुमार थेवे लिम्बूलाई पराजित गर्दै एमालेको पुरानो बिरासत फर्काए। २०७४को निर्वाचनमा एमालेका उम्मेदवार लिम्बूले ४३,५१५ मत ल्याउँदा कांग्रेसका उम्मेदवार थेवेले २६,८२२ मत मात्र प्राप्त गरे। अर्थात् १६,६९३ मत अन्तरले एमालेका उम्मेदवार साँवा निर्वाचित भएका थिए।

यता २०७९मा भएको प्रतिनिधिसभाको निर्वाचनमा पनि एमालेले नै यो निर्वाचन क्षेत्रबाट जित निकाल्यो। यसपटक पनि नेपाली कांग्रेसका उम्मेदवार थेवेलाई नेकपा एमालेका उम्मेदवार साँवाले नै पराजित गरे। साँवाले यो निर्वाचनमा २९,३१५ मत प्राप्त गरे। यसपटक पनि नेपाली कांग्रेसका उम्मेदवार थेवेले २२,४४८ अर्थात् ३० प्रतिशत मतान्तरका साथ बिजयी भए।

२०७९को निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार शम्भुप्रसाद ढकालले १४,०६९ मत ल्याउँदै तेस्रो स्थान हासिल गरे। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी १६ जना उम्मेदवारले यो पटक पनि मनोनयन दर्ता गराएका छन्।

उम्मेदवारको संख्या मात्र होइन, उनीहरूले प्रतिनिधित्व गर्ने राजनीतिक धार, बिचार र पृष्ठभूमिका कारण यसपटकको चुनावलाई सामान्य प्रतिस्पर्धाभन्दा फरक रूपमा हेरिएको छ। अघिल्लो निर्वाचनमा प्रतिष्पर्धामा उत्रिएको रास्वपाका उम्मेदवार शम्भुप्रसाद ढकाल (सुस्केरा) पनि योपटक मनोनयन दर्ता गराउँदै प्रतिष्पर्धामा छन्।

झापा-४को निर्वाचन अब परम्परागत कांग्रेस-एमाले प्रतिष्पर्धामा मात्र सीमित नरही नयाँ शक्तिको सम्भावित उदय र पुराना दलको आधार कति मजबुत छ भन्ने परीक्षणको चरणमा पुगेको छ।

**बहुदलीय भीडन्तको क्षेत्र**

नेपाली कांग्रेसबाट देउकुमार थेबे, नेकपा एमालेबाट लालप्रसाद साँवा लिम्बू, राष्ट्रिय स्वतन्त्र पार्टीबाट शम्भुप्रसाद ढकाल (सुस्केरा), नेकपा माओवादीबाट ताराबहादुर थापा, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट भक्तिप्रसाद सिटौला, श्रम संस्कृति पार्टीबाट अमृतादेवी राई, नेपाली कम्युनिष्ट पार्टीबाट पुरुषोत्तम चुडाल (राजु), संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट किरण लिम्बू लिङ्देन, नेपाल मजदुर किसान पार्टीबाट तुलसीलक्ष्मी दुमरु, मंगोल नेशनल अर्गनाइजेशन पार्टीबाट दिलीप धिमाल, जनता समाजवादी पार्टी नेपालबाट पल्टन ताजपुरिया, उज्यालो नेपाल पार्टीबाट सन्तोष तामाङ, जनमत पार्टीबाट लोथ्रो हेमरम, नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-पुष्पलाल) बाट टेकबहादुर अधिकारी, राष्ट्रिय मुक्ति पार्टी नेपालबाट त्रिनारायण राजवंशी र स्वतन्त्र उम्मेदवार साजन माझी चुनावी मैदानमा छन्।

झापा-४को निर्वाचनलाई समीक्षा गर्दा विगतमा कांग्रेस र एमालेबीचको प्रतिस्पर्धा मुख्य रहँदै आएको थियो। बिगतमा भएको निर्वाचनको नतिजा हेर्दा यो निर्वाचन क्षेत्रमा नेकपा एमालेको आधार बलियो भए पनि लोकप्रियता घट्दो क्रममा रहेको संकेत गर्छ।

**नयाँ शक्ति र वैकल्पिक धार**

२०७९ सालको निर्वाचनमा पहिलोपटक सहभागी भएको राष्ट्रिय स्वतन्त्र पार्टीले झापा-४मा उल्लेख्य

*(बाँकी अन्तिम पृष्ठमा)*

## शरीर बन्धक तथा ठगी गर्ने सात जना पक्राउ

**काठमाडौं, माघ २२।** नेपाल प्रहरीले शरीर बन्धक तथा ठगी गर्ने गिरोहलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले बूढानीलकण्ठ नगरपालिका-८, भंगालस्थित एक घर भाडामा लिई वैदेशिक रोजगारीका लागि इटाली पठाइदिने भनी बंगलादेशी नागरिकलाई बंगलादेशबाट काठमाडौं बोलाइ बन्धक बनाइ ठगी गरेको अभियोगमा उनीहरुलाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा बंगलादेश घर भई काठमाडौं बस्दै आएका ३८ वर्षीय आल मामुन, ३९ वर्षीय बिलाल मामुन, २९ वर्षीय रिवन विश्वास, ४३ वर्षीय बाबु हुसेन, ४० वर्षीय यमडी मसिभुर रहमान, भारतका ४१ वर्षीय सरोज कुमार र नुवाकोटका ३२ वर्षीय शशि पाठक छन्।

परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले बंगलादेशी नागरिकलाई घरमा बन्धक बनाइ ठगी गरेको सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरिएको जानकारी दिए। पक्राउ परेका सातैजनालाई जिल्ला अदालत काठमाडौंबाट शरीर बन्धक तथा ठगी सम्बन्धी कसुरमा पाँच दिनको म्याद थप गरी अनुसन्धान गरिरहेको प्रवक्ता भट्टराईले बताए।

## ६५ तोला सुनसहित चोर समातियो

**काठमाडौँ, माघ २२।** काठमाडौँ बौद्धका रिन्जी लामाको घरबाट रु. एक करोड चार लाख ५३ हजार बराबरका सुनका गहना चोरेर फरार भएका अभियुक्तलाई प्रहरीले गोली प्रहार गरी नियन्त्रणमा लिएको छ।

प्रहरीले बुधवारराति नागार्जुन नगरपालिका-६ बाट बाँकेका प्रेम चौधरीलाई गोली हानेर पक्राउ गरेको हो। निजका साथबाट ६५ तोला सुन समेत बरामद गरिएको प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले जानकारी दिए। उनका अनुसार प्रहरीमाथि खुकुरी प्रहार गरेपछि बाध्य भएर प्रहरीले गोली प्रहार गरेको थियो।

अभियुक्तको खुट्टामा गोली लागेको छ। हाल निजको ट्रमा सेन्टरमा उपचार भइरहेको छ। त्यसक्रममा एक जना प्रहरी पनि घाइते भएका छन्।

## कावा खोलामा पक्की पुल निर्माण

**भोजपुर, माघ २२।** कावा खोलामा पक्की पुल निर्माण भएको छ। चार करोड ६२ लाख ७४ हजार ९ सय १० रुपैयाँको लागतमा पक्की पुल निर्माण भएको हो। निर्माण सम्पन्न भएसँगै पुल सञ्चालनमा पनि आएको छ।

स्टिल ट्रस ओपन फाउण्डेशन प्रविधिमा एक स्पानको उक्त पुल ४६ मिटर लामो र छ मिटर चौडा छ। पुलको दुवैतर्फ एक दशमलव २० मिटर चौडा पैदल मार्ग समेत निर्माण गरिएको छ।

पुल सञ्चालनमा आएपछि आमचोक, हतुवागढी र रामप्रसादराई गाउँपालिकाका सर्वसाधरण लाभान्वित भएका छन्। कावा खोलामा पुल नहुँदा सदरमुकामसम्मको यात्रा जोखिमपूर्ण थियो। यो पुलले हतुवागढी गाउँपालिका-२ रानीबास र रामप्रसादराई गाउँपालिका-५ मानेभञ्ज्याङलाई जोडेको छ।

## ट्याक्टरले किचेर मजदुरको मृत्यु

**संखुवासभा, माघ २२।** संखुवासभाको मकालु गाउँपालिका-५ मुढेमा ट्याक्टरले किचेर एक जना मजदुरको मृत्यु भएको छ।

बुधवारराति मकालु-५ मुढेमा ना५त ७०८१ नम्बरको ट्याक्टरले किचेर उत्तर-दक्षिण कोशी राजमार्गमा कार्यरत मजदुर नेमलाल तामाङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक कुमारप्रसाद मैनालीले जानकारी दिए। तामाङ गुडिरहेको ट्याक्टरबाट खसेकोमा पछाडिको टायरले किचेर घटनास्थलमै मृत्यु भएको प्रहरी नायव उपरीक्षक मैनालीले बताए। मृतक तामाङ उत्तर-दक्षिण कोशी राजमार्गअन्तर्गत निर्माणाधीन खाँदबारी-किमाथाङ्का सडकखण्डमा कार्यरत मजदुर हुन्।

घटनालगत्तै सिन्धुली घर भई हाल

*(बाँकी अन्तिम पृष्ठमा)*

## एभरेष्टमा हरिकुमार प्रसाई स्मृति फुटबल

**बिर्तामोड, माघ २२।** झापाको बिर्तामोडस्थित एभरेष्ट स्मार्ट एकेडेमी र एभरेष्ट स्पोर्ट्स एकाडेमीको आयोजनामा तेस्रो हरिकुमार प्रसाई स्मृति जिल्ला स्तरीय अन्तरविद्यालय यु-१३ नकआउट फुटबल प्रतियोगिता विहीवार शुरु भएको छ।

विद्यालयका संस्थापक प्रसाईंको स्मृतिमा हरेक बर्ष उक्त प्रतियोगिता हुँदै आएको छ। विहीवार पहिलो खेल एभरेष्ट स्मार्ट एकाडेमी र इष्ट होराइजन धुलावारीबीच भएकोमा १-०को अन्तरले इष्ट होराइजन बिजयी भएको प्रिन्सिपल अनुप शर्माले जानकारी दिए।



कार्यक्रमकी प्रमुख अतिथि बिर्तामोड नगरपालिकाकी प्रमुख पवित्रा महतारा प्रसाईले प्रतियोगिताको उद्घाटन गरेकी थिइन्। विद्यालयका प्रबन्ध निर्देशक आशिष प्रसाईंको अध्यक्षतामा भएको समारोहमा पूर्वशिक्षक राम सिटौला, प्रशान्त भण्डारी, हरिकुमार पाठक, सूर्य कन्दङ्वा, गजेन्द्र पौडेल लगायतले शुभकामना व्यक्त राखेका थिए। प्रबन्ध निर्देशक प्रसाईंले आफ्ना स्व. पिताको शिक्षा प्रतिको लगाव, सोच र योगदानको चर्चा गर्दै विद्यालयले गरिरहेका गतिविधि बारे जानकारी गराएका थिए। कार्यक्रमको सञ्चालन शिक्षक सावित्रा भट्टराईले गरेकी थिइन्।

प्रतियोगितामा सुनभागा स्कूल, टावर टेम्पल, गोमेन्द्र, बाल बाटिका, चिल्ड्रेन इन्भारोमेन्ट, मेची मोडल, निधि, ग्रिन फिल्ड, ब्रिलियन्ट पिपुल्स, देवकुल, होलीवेल, वेल्स मोडल, कञ्चनजंघा, कञ्चन, सूर्योदय, हरिकुल, बाल्मीकि प्रोभिडेन्स र न्यूट्न्स एजुकेशन एकाडेमीले भाग लिएका छन्। प्रतियोगिताको फाइनल माघ २८ गते हुने बताइएको छ।

यसैबीच विद्यालय र एभरेष्ट बाल क्लबले दुई जना क्यान्सरपीडित बालकलाई सहयोग गरेका छन्। बाह्रदशी निवासी ३ बर्षीय नुतन राजवंशी र भद्रपुर निवासी ६ बर्षीय आरोन धमलालाई जनही ३५ हजार रुपैयाँका दरले सहयोग प्रदान गरिएको प्रिन्सिपल शर्माले जानकारी दिए।



# बिर्तामोडमा आइसिएयूआर भी २३ गाडी सार्वजनिक



**बिर्तामोड, माघ २२।** झापाको बिर्तामोडका लागि आइसिएयूआरको आधिकारिक बिक्रेता ओपी इन्टरनेशनलले बहुप्रतिष्ठित गाडी सार्वजनिक गरेको छ। आइसिएयूआर भि २३ लाइफस्टाइल इलेक्ट्रिक एसयूभी आधिकारिक रूपमा बिर्तामोडमा सार्वजनिक गरेको हो।

बिर्तामोड उद्योग बाणिज्य संघका विशिष्ठ सदस्य निर्मल भट्टराई, महासचिव कुशल खतिवडा र ओपी इन्टरनेशनलका प्रबन्ध निर्देशक ओम अग्रवालले संयुक्त रुपमा बिहीवार नयाँ गाडी सार्वजनिक गरेका हुन्। आकर्षक रेट्रो-लुक्स र अत्याधुनिक साइबर-टेक इञ्जिनियरिङको समीश्रण रहेको यो भि २३ बिर्तामोडस्थित ओमोडा एण्ड जेको शोरुममा एक भव्य समारोहका बीच लञ्च गरिएको हो।

गाडी सार्वजनिकपछि भएको कार्यक्रमका प्रमुख अतिथि समेत रहेका संघका विशिष्ट सदस्य भट्टराईले अहिलेको सडकका लागि एकदमै उपयुक्त गाडी भएको बताए। उनले वातावरणमैत्री सवारीप्रति अहिलेका युवाहरुको रुची बढ्दै गएकाले गाडीले सबैको मन जित्नेमा दुईमत नरहेको बताए।

'ब्रोन टु प्ले' भन्ने वैश्विक दर्शन अन्तर्गत डिजाइन गरिएको आइसिएयूआर भि २३ एक रेट्रो-प्रेरित, पूर्ण-विद्युतीय अफ-रोड एसयूभी हो, जसले क्लासिक रग्ड लुक्स र आधुनिक प्रविधिको उत्कृष्ट मिश्रण प्रदान गर्दछ।

सार्वजनिक गरिएको सवारी ४९ लाख ९९ हजार मूल्य रुपैयाँमा उपलब्ध गराइने ओपी इन्टरनेशनलका मेनेजर सोकेन्द्र गौतमले जानकारी दिए। उनका अनुसार यो भी २३ लाई परम्परागत पेट्रोल गाडीहरूको एक दिगो र स्टाइलिस विकल्पको रूपमा प्रस्तुत गरिएको छ।

यसमा ५९.९३ केडब्लुएचको एलएफपी ब्याट्री र १०० किलोवाटको मोटर रहेको छ, जसले एक पटकको फुल चार्जमा ४०१ किलोमिटरसम्मको रेन्ज प्रदान गर्दछ। क्लासिक गोलो हेडलाइट र २१० एमएमको ग्राउन्ड क्लियरेन्स सहितको आकर्षक 'बक्सी' डिजाइनले यसलाई शहर र अफ-रोड दुवैका लागि उपयुक्त बनाउँछ। यसमा १५.४ इञ्चको प्रिमियम इन्फोटेनमेन्ट डिस्प्ले र अधिकतम सुरक्षाका लागि लेभल-२ एडास फिचर रहेको छ। पछाडिको सिट फोल्ड गर्दा यसमा ७४४ लिटरको विशाल ट्रंक स्पेस प्राप्त भएका बिशेषताहरु रहेका कम्पनीले जनाएको छ।

प्रिमियम लाइफस्टाइल सेगमेन्टमा प्रतिस्पर्धात्मक रूपमा प्रस्तुत गरिएको आइसिएयूआर भी २३ को डेलिभरी, प्रि-बुकिङ गरेका ग्राहकहरूका लागि एसपीजी अटोमोबाइल्सको नेपालभर रहेको आधिकारिक डिलर नेटवर्कमार्फत तत्काल सुरु गरिने पनि कम्पनीले जनाएको छ। कार्यक्रममा ओपी इन्टरनेशनलकी चेतन खतिवडा लगायतको उपस्थिति रहेको थियो।

# कोइला अभावले धातु उद्योग संकटमा

**भोजपुर, माघ २२।** भोजपुरको ऐतिहासिक टक्सार बजार औद्योगिक, व्यापारिक तथा सांस्कृतिक पहिचान बोकेको क्षेत्रका रूपमा चिनिन्छ। यहाँ बिगत लामो समयदेखि परम्परागत धातुका सामग्री-विशेषतः कांश, तामा र पित्तलका भाँडाकुँडा तथा अन्य सामग्री-निर्माण हुँदै आएको छ।

पुस्तौंदेखि निरन्तर चल्दै आएको यो परम्परागत पेशा पछिल्लो समय धातु पगाल्न आवश्यक पर्ने कोइलाको अभावका कारण सङ्कटमा पर्दै गएको छ। पञ्चायतकालदेखि बहुदलीय व्यवस्था स्थापनासम्म टक्सारमा सञ्चालनमा रहेका धातु उद्योगले लाखौं रुपैयाँ मूल्य बराबरका सामग्री उत्पादन गर्दै आएका थिए।

यहाँ उत्पादित कांशका भाँडाकुँडा तथा अन्य सामग्री जिल्लासँगै तराईका विभिन्न शहरमा पुग्ने गर्थे। तर, आवश्यक कोइला, कच्चापदार्थको अभाव, लागत वृद्धि र पेशाप्रति नयाँ पुस्ताको आकर्षण घट्दै जाँदा पछिल्लो समय टक्सार बजार क्रमशः सुनसान बन्दै गएको स्थानीयवासी बिनोद ताम्राकारले बताए। यहाँका घरेलु उद्योग सञ्चालकको सबैभन्दा ठूलो समस्या कोइला अभाव नै भएको उनको भनाइ छ। उद्योग सञ्चालनका लागि आवश्यक कोइला बजारमा सहज रूपमा नपाइने भएपछि आफैँले रुख काटेर कोइला बनाउनुपर्ने बाध्यता रहेको उनले बताए। कांशको काम शुरु गरेदेखि अन्त्यसम्म कोइला अनिवार्य हुन्छ- उनले भने- अहिले कोइला पाउन निकै कठिन छ, कोइलाको अभावकै कारण धेरै कालीगढ पेशा छाड्न बाध्य भएका छन्।

दशकौं अघि सयौँको संख्यामा सञ्चालनमा रहेका धातु उद्योग अहिले आएर पाँच वटामा सीमित भएका छन्। कोइला मात्र होइन, मैनलगायत अन्य स्थानीय कच्चापदार्थ पनि सहज रूपमा नपाउँदा पेशा धान्न झनै कठिन बन्दै गएको अर्का स्थानीय सुरजबहादुर उदासले बताए। कोइलाबिना कांशको काम सम्भव नै हुँदैन- उनले भने- कांश पगाल्न, मैन पगाल्न सबैमा कोइला चाहिन्छ, अहिलेको अवस्थामा कोइलाको कारणले पेशा जोगाउने कि छाड्ने भन्नेमा पुगेका छौँ।

स्थानीयका अनुसार राणा तथा पञ्चायती शासनकालमा विशेष प्रशिद्धि कमाएको टक्सारको धातु उद्योगले स्थानीय रोजगारी सिर्जना गर्नुका साथै क्षेत्रीय अर्थतन्त्रलाई चलायमान बनाएको थियो। तर, पछिल्लो समय स्थानीयवासीको पलायन, कच्चापदार्थको अभाव, आधुनिक उद्योगसँग प्रतिस्पर्धा गर्न नसक्नु र सरकारी सहयोगको कमीका कारण यो परम्परागत उद्योग क्रमशः धराशायी बन्दै गएको छ। स्थानीयवासीले टक्सारको ऐतिहासिक पहिचान जोगाउन कोइला आपूर्तिमा सहजीकरण, परम्परागत उद्योग प्रवर्द्धनका कार्यक्रम र कालीगढलाई लक्षित राहत तथा प्रोत्साहनका नीति आवश्यक रहेको बताउँदै आएका छन्।

# प्रेस चौतारी स्थापना दिवसमा सम्मान

**झापा, माघ २२।** प्रेस चौतारी नेपाल झापाले २८औं स्थापना दिवस मनाएको छ।

निवर्तमान सभामुख देवराज घिमिरेको प्रमुख आतिथ्य एवम् प्रेस चौतारी झापाका अध्यक्ष प्रदीप परियारको अध्यक्षतामा भएको कार्यक्रममा प्रेस चौतारी झापाका पूर्वअध्यक्ष गणेश पोखरेललाई अभिनन्दन गरिएको थियो भने पत्रकार सन्तोष शर्मालाई लेखनवृत्ति प्रदान गरिएको थियो।

पूर्वअध्यक्ष पोखरेललाई नगद रु. २५ हजार, सम्मान-पत्रसहित अभिनन्दन गरिएको हो।

यस्तै, स्थापना दिवस एवम् वार्षिक साधारणसभामा संस्थापक अध्यक्ष नेत्र पाठकको स्मृतिमा स्थापित लेखनवृत्ति पुरस्कार राससकर्मी पत्रकार सन्तोष शर्मालाई प्रदान गरिएको थियो।

चौतारी झापाले ६-६ महिनामा लेखनवृत्ति प्रदान गर्दै आएको छ। आर्थिक विटमा पत्रकार शर्माले लेखेको समाचार छनौट भएपछि उनलाई नगद रु. ५ हजारसहित लेखनवृत्ति प्रदान गरिएको हो। अध्यक्ष परियारले प्रगति प्रतिवेदन कोषाध्यक्ष सरोज भट्टराईले आर्थिक प्रतिवेदन र उपचार कोषको संयोजक भीमा शिवाकोटीले कोषको प्रतिवेदन प्रस्तुत गरेका थिए।



कार्यक्रममा प्रमुख अतिथि घिमिरे, अभिनन्दित पूर्वअध्यक्ष पोखरेल, प्रेस चौतारी केन्द्रीय सदस्य झापा इञ्चार्ज माधव विद्रोही, नेकपा एमाले झापाका उपाध्यक्ष शिव ढुङ्गेल, पत्रकार महासंघ कोशी प्रदेश उपाध्यक्ष अम्बिका भण्डारी, प्रेस सेन्टर झापाका अध्यक्ष पुष्प खड्का, नारी सञ्चार गृह झापाकी अध्यक्ष स्वस्तिका आचार्य लगायतले शुभकामना मन्तव्य राखेका थिए। युवराज आचार्यले सञ्चालन गरेको कार्यक्रममा स्वागत सुनिरा मैनाली र धन्यवाद ज्ञापन सुब्रत न्यौपानेले गरेका थिए।

# दोस्रो अभ्यास खेलमा नेपाल बिजयी

**काठमाडौँ, माघ २२।** आइसीसी टी-ट्वान्टी पुरुष विश्वकप क्रिकेट प्रतियोगिताको तयारीमा रहेको नेपाल दोस्रो अभ्यास खेलमा पनि विजयी भएको छ। दोस्रो अभ्यास खेलमा नेपलले क्यानडालाई ६ विकेटले पराजित गरेको हो।

भारतको चेन्नाइमा भएको अभ्यास खेलमा क्यानडाले नेपाललाई जितका लागि एक सय ६२ रनको लक्ष्य दिएको थियो। नेपालले उक्त लक्ष्य १८औं ओभरमा चार विकेट गुमाउँदै पूरा गऱ्यो। नेपालका लागि प्रारम्भिक ब्याटर आशिफ शेखले अर्द्धशतकीय पारी खेले। उनले २९ बलमा ६ चौका र तीन छक्काको मद्दतमा ५८ रनको योगदान दिए। त्यसैगरी सन्दीप जोराले ४४, गुल्शन झाले ३१, कुशल भुर्तेलले १२ तथा दीपेन्द्रसिंह ऐरीले ९ रन बनाए।

बलिङतर्फ क्यानडाका जसकरण सिहं र अजयवीर हुँडालले एक/एक विकेट लिए। त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको क्यानडाले निर्धारित २० ओभरमा ६ बिकेट गुमाउँदै एक सय ६१ रनको योगफल बनाएको थियो।

क्यानडाका लागि ओपनर नवनीत धलिवालले सर्वाधिक ४१ रनको योगदान दिए। उनले ३६ बलमा एक चौका र तीन छक्का हाने। त्यस्तै श्रेयस मोभाले १९ बलमा दुई चौका र तीन छक्कासहित ३८, कनवारपुल ताथगुरले २५ तथा जसकरण सिंहले २१ रन बनाए।

बलिङतर्फ नेपालका लागि सन्दीप लामिछाने र कुशल भुर्तेलले दुई/दुई तथा सोमपाल कामी र नन्दन यादवले एक/एक विकेट लिए। यसअघि पहिलो अभ्यास खेलमा पनि नेपालले युएईलाई सात विकेटले पराजित गरेको थियो।

# आचारसंहिता अनुगमन गर्न सहायक प्रजिअलाई निर्देशन

**काठमाडौँ, माघ २२।** गृहमन्त्रालयले निर्वाचन आचारसंहिता अनुगमन अधिकृतका रुपमा तोकिएका ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आफ्नो जिम्मेवारी प्रभावकारी रुपमा निर्वाह गर्न परिपत्र जारी गरेको छ।

निर्वाचनको अवधिमा हुनसक्ने आचारसंहिताका उल्लंघनका घटना हुन नदिन आवश्यक कार्य गर्न र सो सम्बन्धमा गरिएका कार्यहरुको प्रतिवेदन नियमित रुपमा मन्त्रालयमा उपलब्ध गराउन निर्देशन गरिएको मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए।

निर्वाचन आयोगले निर्वाचन आचारसंहिता-२०८२को जिल्लास्तरमा अनुगमनलाई प्रभावकारी बनाई कार्यान्वयनको सुनिश्चितता गर्न ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आचारसंहिता अनुगमन अधिकृत तोकेको थियो।

मन्त्रालयले सचिवको संयोजकत्वमा आसन्न प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी एवम् विश्वसनीय रुपमा सम्पन्न गर्न केन्द्रीय कमाण्ड पोष्ट समेत गठन गरेको छ।

# 'डोको बुन्ने' गीतलाई करोड भ्यूज



गत कात्तिकमा प्रदर्शन भएको फिल्म 'वरिष्ठ बलराम'को 'न्याउली वनैमा'पछि नेपाली फिल्मका गीतहरू दर्शकमाझ उत्ति लोकप्रिय हुन सकेका थिएनन्।

यो शून्यतालाई लभस्टोरी फिल्म 'कुमारी'को 'डोको बुन्ने निगालो चोयाले' गीतले परिपूर्ति गरेको छ। एक महिनाअघि युट्युबमा रिलिज भएको यो गीत अहिले सर्वाधिक सुनिनेमध्ये पर्छ। टिकटक त यही गीतले कब्जा गरेको छ।

यसै क्रममा 'कुमारी'को उक्त गीतले युट्युबमा ठूलो सफलता हासिल गरेको छ। बुधबार साँझ युट्युबमा गीतलाई एक करोडभन्दा बढी पटक हेरिएको छ। टिकटकमा गीत भाइरल भएपछि युट्युबमा भ्यूज ह्वात्तै बढेको थियो। टिकटकमा पनि गीतमाथि ५० लाखभन्दा बढी भिडियो बनिसकेका छन् भने रिल्स र शर्टस् पनि हजारौंको संख्यामा बनेका छन्।

केहर सिंह लिम्बूको स्वरमा रहेको 'डोको बुन्ने' गीत लोकप्रिय हुँदा त्यसले फिल्मको हाइप निर्माणमा ठूलो भूमिका खेलेको छ। यसको प्रभाव फिल्मको व्यापारमा देखिने अपेक्षा गरिएको छ। फिल्मका अन्य दुई गीत 'तिमी बिना' र 'कता छौ' पनि युवापुस्ताले रूचाएका छन्। यसरी हेर्दा गीतसंगीतमा फिल्म सफल भएको देखिन्छ। अब फिल्म स्वयम्को परीक्षा भने शुक्रबारबाट हुँदैछ।

बुधबारबाट देशभरका हलले फिल्मको शो तालिका सार्वजनिक गर्दै अग्रिम टिकट बुकिङ खुला गरिसकेका छन्। फिल्मले पहिलो दिनका लागि देशव्यापी १४१ शो पाएको खल्ती एपमा देखिन्छ। नयाँ कलाकारको फिल्मले यो संख्यामा शो पाउनु उत्साहजनक हो। यसले फिल्मप्रति प्रदर्शकहरू (हल व्यवसायी)ले ठूलो अपेक्षा राखेको प्रस्ट देखाउँछ।

दिनेश राउतको निर्देशनमा बनेको यस फिल्ममा अबिषेक खड्का र आकृति राजभण्डारीको मुख्य भूमिका रहेको छ। घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकांक्षा कार्की, मधु खड्का, सनम श्रेष्ठ लगायतको पनि अभिनय रहेको फिल्मका निर्माता महेन्द्र अधिकारी हुन्। यसमा विकास सुवेदीको लेखन, सुसन प्रजापतिको छायाङ्कन तथा सुप्रिम पराजुलीको सम्पादन रहेको छ।

## नक्कली ...

चेकजाँच गरेको थियो।

चेकजाँचका क्रममा इनरुवा नगरपालिका-१० बस्ने २५ वर्षीय बहिस मियाँको साथबाट जाली नोट जस्तो देखिने नेपाली रुपैयाँ एक हजार दरका २८ थान फेला परेका थिए। बरामद नोटको कूल रकम २८ हजार रुपैयाँ रहेको प्रहरीले जनाएको छ। नक्कली नोटसहित पक्राउ परेका मियाँलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सुनसरीमा ल्याइएको छ। घटनाको विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## ट्याक्टरले ...

संखुवासभा बस्दै आएका चालक फरार रहेका जिल्ला प्रहरी कार्यालयले जनाएको छ। घटनाको जानकारी पाएलगत्तै जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक मेघराज अर्यालको नेतृत्वमा प्रहरी टोली खटिएको थियो।

प्रहरीले उक्त ट्याक्टर मकालु-५स्थित नुम बजारमा पार्किङ गरी राखेको अवस्थामा नियन्त्रणमा लिएको नुम प्रहरी चौकीले जनाएको छ। घटनास्थल नुम प्रहरी चौकीबाट १५ किलोमिटरको दूरीमा पर्दछ। मृतकको शव जिल्ला अस्पताल खाँदबारी ल्याउने तयारी भइरहेको प्रहरी नायव उपरीक्षक मैनालीले जानकारी दिए। फरार रहेका चालकको खोजी भइरहेको छ भने घटनाका बारेमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

## झापा ४ ...

प्रभाव देखाएको थियो। रास्वपाका उम्मेदवार ढकाल तेस्रो स्थानमा रहँदै रास्वपाको उपस्थिति सशक्त रहेको देखाएका थिए। यसले कांग्रेस-एमालेको परम्परागत प्रतिस्पर्धा बाहिर पनि वैकल्पिक राजनीतिक धारप्रति मतदाताको आकर्षण रहेको स्पष्ट संकेत दिएको थियो। जसको परिणाम आसन्न निर्वाचन देखिने आँकलन गरिएको छ।

त्यसैगरी, २०७९को निर्वाचनमा राप्रपाबाट विद्रोह गरेर उम्मेदवार बनेकी खुश्बू ओली, स्वतन्त्र उम्मेदवार तथा अन्य साना दलले करिब १९ हजार मत तानेका थिए। यसले झापा-४मा मत विभाजन कति निर्णायक हुन सक्छ भन्ने देखाएको थियो। यसपटक पनि १६ उम्मेदवारको उपस्थितिले मत विभाजनको सम्भावना यथावत छ। यस निर्वाचनमा केही उम्मेदवार युवा पुस्ताबाट आएका छन्। उनीहरूले सुशासन, भ्रष्टाचारविरुद्धको अभियान, रोजगारी, शिक्षा-स्वास्थ्य सेवा सुधार र प्रभावकारी सेवा प्रवाहजस्ता मुद्दालाई प्राथमिकतामा राखेका छन्।

वैदेशिक रोजगारीमा रहेका मतदाताका परिवार, युवा मतदाता र शहरीकरणको प्रभाव बढ्दो क्षेत्र भएकाले परम्परागत दलप्रति असन्तुष्ट देखिने वर्ग पनि यहाँ उल्लेख्य छ। यही वर्ग नयाँ दल र स्वतन्त्र उम्मेदवारको सम्भावित आधार मानिन्छन्।

तर, अर्कोतर्फ, संगठन, आर्थिक स्रोत, स्थानीय संरचना र मतदाता परिचालन क्षमताका हिसाबले कांग्रेस र एमाले अझै बलिया छन्। यही कारणले नयाँ शक्तिका लागि परिणाम उल्टाउन सजिलो छैन। मतदाताको असन्तुष्टि भए पनि त्यो असन्तुष्टि एकीकृत मतमा परिणत हुन नसकेमा त्यसको प्रत्यक्ष फाइदा ठूला दललाई नै पुग्ने सम्भावना रहन्छ।

**कसलाई फाइदा, कसको जोखिम ?**

झापा ४को पछिल्ला मत परिणामलाई विश्लेषण गर्दा एमालेको आधार अझै मजबुत देखिए पनि मत घट्दो क्रममा छ।

कांग्रेस दोस्रो स्थानमा रहे पनि निर्णायक फड्को मार्नुपर्ने दबाबमा छ। राष्ट्रिय स्वतन्त्र पार्टीजस्ता नयाँ दलले मुख्यतः पुरानैको मत काट्ने भूमिकामा देखिन्छन्। साना दल र स्वतन्त्र उम्मेदवारले केही हजार मत तानेमा त्यसको असर मुख्य प्रतिस्पर्धी दलहरूमा पर्नसक्छ। यदि वैकल्पिक शक्तिहरूले संगठित रूपमा मत आकर्षित गर्न सके भने कांग्रेस र एमाले दुवैलाई झट्का लाग्न सक्छ। तर, मत धेरै साना दलमा छरिएमा अन्ततः ठूला दलले नै त्यसको लाभ उठाउने सम्भावना हुन्छ।

झापा-४को निर्वाचन अब दुई दलबीचको साधारण प्रतिस्पर्धा मात्र रहेन। यो पुराना राजनीतिक शक्तिहरू र नयाँ वैकल्पिक धारबीचको परीक्षा बनेको छ। नयाँ पार्टी र युवा उम्मेदवारले राजनीतिक बहसलाई ताजा बनाएका छन्, तर परिणाम परिवर्तन गर्न उनीहरू अझै एकीकृत रणनीति, स्पष्ट सन्देश र प्रभावकारी संगठनसहित मैदानमा उत्रिनुपर्ने देखिन्छ। पुराना दलको वर्चस्व कायम रहने कि नयाँ शक्तिको उदय हुने भन्ने निर्णय झापा-४ का मतदाताले फागुन २१ मा गर्नेछन्।

## बम ...

अन्य स्थानमा केही फेला परेन। सोही दिन खरेल भारततर्फ फरार भएका थिए।

**कारागारबाट छुटे लगत्तै उही आतंक**

प्रहरीका अनुसार खरेल पछिल्लोपटक २०८१ असोज १४ गते कारागारबाट छुटेका थिए। तर, कारागारबाट छुटेको तीन महिनापछि नै उनले पुनः आतंक सिर्जना गरेको आरोप लागेको छ।

पुस १६ गतेको घटनापछि भारत पुगेका खरेलले ह्वाट्सएपमार्फत ३१ वटा जिल्लामा बम राख्ने धम्की दिएको प्रहरी स्रोत बताउँछ। त्यसपछि संघीय संसद भवनमा ड्रोन खसाल्ने धम्कीसमेत दिएका थिए। यसै क्रममा उनले गतपुस १९ गते बिहान झापास्थित पूर्व-पश्चिम राजमार्ग अन्तर्गत माई खोला पुल नजिक सडकको उत्तरी भागमा प्रेसर कुकर बम (होक्स) राखेर त्रास फैलाएका थिए।

पटक-पटक आतंक सिर्जना गर्ने गतिविधिमा संलग्न भएपछि केन्द्रीय अनुसन्धान व्यूरो (सीआईबी) को टोलीले उनलाई पक्राउ गरी कारवाही प्रक्रिया अघि बढाएको थियो। सोही क्रममा सुनसरी प्रहरीको जिम्मा लगाएको प्रहरी स्रोतको भनाइ छ। 'यो व्यक्ति प्रविधिमा पोख्त छ, ह्वाट्सएपमार्फत संसदमा ड्रोन खसाल्ने धम्की दिन्छ'- प्रहरी स्रोत भन्छ- 'पटक-पटक आतंक फैलाउने उद्देश्यले सक्रिय रहने भएकाले उच्च जोखिममा राखिएको अभियुक्त हो।'

**पहिले पनि बम काण्डमा संलग्न**

२०७८ चैत १४ गते इटहरी-२ स्थित नवजागृति टोलमा भएको बम विस्फोटको घटनामा पनि खरेल संलग्न थिए। सो घटनामा सुतली बम बनाउने क्रममा विस्फोट हुँदा रवीन थापा र लमजुङका शेरजंग गुरुङ घाइते भएका थिए।

त्यसबेला घाइते दुईसहित लक्ष्मीदेवी थापा र सञ्जय भनिने खगेन्द्र खरेललाई प्रहरीले पक्राउ गरेको थियो। २०७९ जेठ २० गते कारागार चलान भएका खरेल २०८१ असोज १४ गते छुटेका थिए।

यसअघि २०७६ वैशाखमा झापाको कन्काई नदीको पुलमा बम राखिएको घटनामा पनि खरेल संलग्न थिए। गोर्खा जनमुक्ति पार्टीको नाममा राखिएको उक्त बम प्रहरीले डिस्पोज गरेको थियो। सो घटनामा संलग्न भएको आरोपमा खरेलसहित पाँच जना पक्राउ परेका थिए। दुई वर्ष कारागार सजाय भोगेर छुटेलगत्तै उनी पुनः सुनसरीको बम विस्फोट प्रकरणमा मुछिएका थिए।

प्रहरीका अनुसार खरेलले 'हिमाल सुरक्षा परिषद्' नामक समूहसमेत गठन गरेका थिए। पटक-पटक वम विष्फोट घटनामा मुछिएका खरेल झुम्का कारागारमा कैद भुक्ता गरिरहेका थिए। तर, 'जेनजी आन्दोलन' का क्रममा सुनसरीको झुम्का कारागारमा कैद भुक्तान गरिरहेको अवस्थामा उनी फरार भएका थिए।

फरार अभियुक्तलाई झापा प्रहरीले अनुसन्धानपछि झुम्का कारागार नै पठाएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक खगेन्द्रबहादुर खड्काले जानकारी दिए।

BIRTAMODE EYE HOSPITAL

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित

उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

CONTACT :
Birtamode Eye Hospital
CHARPANE, JHAPA, MECHI, NEPAL
PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I
Web: birtamodeeyehospital.org

बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा

निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु
- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल
सम्पादकीय

## स्थिरताका लागि अभियान

**नेपालको संविधानको व्यवस्था अनुसार बहुमत र स्थिर सरकार असम्भव रहेको टिप्पणी हुने गरेको छ । यसै सन्दर्भमा दाङको तुलसीपुरमा बसोबास गर्दै आएका बिजयकुमार शर्माले मेची महाकाली पैदलयात्रा थालेका छन् । झापाको पूर्वी किनार मेची नदीबाट यात्रा प्रारम्भ गरेका शर्माको पैदलयात्रा अभियानको मूल लक्ष्य स्थिर सरकार – युगको आवश्यकता भन्ने नाराका साथ लोकतन्त्रको सुदृढीकरण र नागरिकको जनमतको सम्मान रहेको छ । आफ्नो अभियान कुनै दल वा उम्मेदवारको समर्थनमा नभई नागरिकको आवाज राज्यसम्म पुऱ्याउनु रहेको शर्माले बताएका छन् ।**

**उनको यात्रा एक्काइस दिनको हुने र प्रत्येक दिन चालीस किलोमिटर हुने बताइएको छ । यात्राको प्रत्येक छैठौं दिन दौडिएर एक सय किलोमिटर पूरा गर्ने उनको लक्ष्य छ । प्रत्येक दिन चालीस किलोमिटर पैदल हिंड्नु आफैंमा गाह्रो हुन्छ त्यसमाथि सय किलोमिटर दौडिनु स्वयम्का लागि जोखिमयुक्त हुन सक्छ । शर्माको महाअभियानको शुभारम्भ निवर्तमान उपसभामुख इन्दिरा राना मगर लगायत विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुको उपस्थिति थियो ।**

**स्थिर सरकारको अभावमा विकास निर्माणका गतिविधि अपेक्षित ढंगले पूरा हुन सक्दैनन् । देशमा कुशासन, भ्रष्टाचारजन्य विकृतिहरु अझ मौलाउँछन् । चार दशकदेखि देश भ्रष्टाचारका कारण झन्–झन् गरिबीका दुष्चक्रमा फस्दैछ । जसलाई दृढ इच्छाशक्ति, स्थिर सरकारबाट मात्र सामना गर्न सकिन्छ । अझ दलहरुले भने जस्तो लोकतन्त्रको सुदृढीकरण र जनभावना अनुरुपको सरकारको उपस्थितिको विकल्प नै छैन । हाल हुर्किएको राजनीतिक अस्थिरताले विकास र सुशासन सम्भव नहुने हुँदा नागकिरलाई त्यसप्रति सचेत गराउने उनको अभियान निर्वाध पूरा होस् शुभकामना ।**

# रोकथाम पहिलो प्राथमिकता

डा. राजेन्द्रप्रसाद बराल



नेपालमा क्यान्सर रोग बढिरहेको छ। नसर्ने रोगमध्ये क्यान्सर एक प्रमुख रोग हो। क्यान्सर दिवसको दिन मात्र जनचेतनाका कार्यक्रम गर्ने चलन छ, जुन गलत हो। क्यान्सर सम्बन्धी जनचेतना सधैँभरि जगाउनुपर्छ। विश्व क्यान्सर दिवस प्रत्येक वर्ष फेब्रुअरी ४ मा मनाइने गरिएको छ। यो वर्षको विश्व क्यान्सर दिवसको नारा 'सबै मिलेर सहकार्य गरौँ' भन्ने रहेको थियो। जनचेतनाका कार्यक्रम दिवसलाई लक्षित गरेर मात्र बनाइनुहुँदैन।

नेपालमा पहिले क्यान्सर पत्ता लगाउने प्रविधि थिएनन्। मानिसहरू स्वास्थ्यको पहुँचबाटै टाढै थिए। यसैले क्यान्सरबारे थाहा हुँदैन थियो। अहिले क्यान्सर उपचारमा धेरै प्रगति भइसकेको छ। क्यान्सरको उपचारका लागि बाहिर जानुपर्ने कुनै आवश्यकता छैन। नेपालमै क्यान्सरको सम्पूर्ण उपचार हुने गरेको छ। अपवादमा परीक्षण गर्नका लागि जाने बेग्लै हो, तर अब सम्पूर्ण क्यान्सरको उपचार नेपालमै हुने गरेको छ। अहिले यो रोग उपचार गर्न प्रविधि बढेको छ। चिकित्सक बढेका छन्। मानिस पनि स्वास्थ्यप्रति सचेत हुँदै गएका छन्। सचेतनालले क्यान्सरको पहिचान गर्न सघाएको छ। यसबाट पनि क्यान्सर रोगीहरू बढिरहेका छन्।

मानिसले खानपिनमा अझै ध्यान दिएका छैनन्। जीवनशैली विकृत छ। जङ्कफुड (पत्रुखाना) खान्छौं। फलफूल र तरकारीबाट पनि नेपालमा क्यान्सर बढिरहेको छ। यी विषयमा कसैले ध्यान दिएको पाइँदैन। तरकारी कहाँ उत्पादन भयो ? कति विषादी प्रयोग भएको छ ? उपभोक्तालाई केही पनि थाहा हुँदैन। त्यस्तै फलफूलमा पनि व्यापक मात्रामा विषादी प्रयोग भएको हुन्छ। नेपालमा क्यान्सर रोग बढ्नुको कारण तरकारी र फलफूलमा प्रयोग भएको विषादी पनि हो। उपभोक्ताले फलफूल र तरकारी उपभोग गर्दा चनाखो हुनु पर्छ। गाजर, मूला काँक्रो किन्दा बाङ्गो किन्नु पर्छ। साग किन्दा किरा लागेको किन्नु पर्छ। त्यहाँ विष हुँदैन।

विश्व स्वास्थ्य सङ्गठनले खानपानमा ध्यान दिने हो भने ६० प्रतिशत क्यान्सरबाट बच्न सकिन्छ भनेको छ। खानपान, जीवनशैली, नियमित व्यायाम र तौलको सन्तुलन राख्न सक्नु पर्छ। एकदिन व्यायाम गरेर सात दिन नगरी बस्नु हुँदैन। कति बिरामी चुरोट छोडेँ तर सुर्ती सेवन गर्न थालेँ भन्नुहुन्छ। यो बिल्कुलै गलत हो। चुरोट, सुर्ती एउटै हो भन्ने थाहा पाउनुपर्छ। कतिपय क्यान्सर वंशाणुगत हुने गर्छ।

जनसंख्यामा आधारित क्यान्सर रोगीको तथ्याङ्क हामीकहाँ छैन। अस्पतालमा आधारित तथ्याङ्क मात्र छ। अहिले अस्पतामा आधारित तथ्याङ्क अनुसार फोक्सोको क्यान्सर पहिलो नम्बरमा छ। भक्तपुर क्यान्सर अस्पतालमा पाचन प्रणालीको क्यान्सर धेरै देखिएको छ। वीपी कोइराला क्यान्सर अस्पतालमा मुखको क्यान्सर भएका बिरामी धेरै छन्। महिलाको हकमा नेपाल लगायत सार्क राष्ट्रमै पाठेघरको मुखको क्यान्सर पहिलो नम्बरमा छ। स्तन क्यान्सर दोस्रोमा थियो तर अहिले भारत र नेपालमा स्तन क्यान्सर पहिलो नम्बरमा छ। पाठेघरको मुखको क्यान्सरमा एचपीभी भ्याक्सिन लगाएर पनि रोकथाम गर्न सकिन्छ।

स्तन क्यान्सर बढ्नुको कारणमा ढिलो विवाह, बच्चालाई स्तनपान नगराउने, धेरै विकिरण लिने आदि रहेका छन्। विकिरणले क्यान्सरको उपचार गरिन्छ भने त्यही विकिरणले क्यान्सर पनि लाग्न सक्छ। दोस्रो विश्वयुद्धमा अमेरिकाले जापानमा बम खसाल्दाको असर अहिलेसम्म देखा परेको छ। त्यहाँ क्यान्सरको प्रकोप बढी छ। नेपालमा वंशाणुगत परीक्षण हुन सकेको छैन। क्यान्सरबाट बच्नका लागि समय समयमा स्क्रिनिङ गर्नै पर्छ। यो हुन सकेको छैन। बिरामी क्यान्सरको तेस्रो या चौथो स्टेजमा पुगिसकेपछि मात्र अस्पताल पुग्ने गर्छन्।

नेपालमा क्यान्सर रोग पछिल्ला वर्ष गम्भीर सार्वजनिक स्वास्थ्य समस्याका रूपमा देखिएको छ। जुन कुरा अस्पतालमा लागेको भिडले देखाउँछ। जीवनशैलीमा आएको परिवर्तन, अस्वस्थ आहार, धूमपान, मद्यपान, प्रदूषण तथा समयमै जाँच नहुनु क्यान्सर बढ्नुका प्रमुख कारण मानिन्छन्। तर, यति गम्भीर समस्याको सामना गर्न राज्यले अपनाएको नीति भने अझै पनि उपचारमुखीमै सीमित देखिन्छ। प्रदेश सरकारले पनि क्यान्सरपीडितलाई आर्थिक सहयोग प्रदान गरिरहेका छन्, जुन सकारात्मक कदम हो तर क्यान्सर जस्तो दीर्घकालीन र खर्चिलो रोगमा उपचारभन्दा पनि रोकथाम र जनचेतनालाई प्राथमिकता दिनु अझ प्रभावकारी हुन्छ।

अहिले क्यान्सर उपचारमा खर्च भइरहेको ठूलो रकममध्ये एकतिहाइ मात्र रकम जनचेतना, प्रारम्भिक परीक्षण र रोकथामका कार्यक्रममा लगानी गर्न सकियो भने धेरै हदसम्म क्यान्सर लाग्नै नदिने अवस्था बनाउन सकिन्थ्यो। विशेषगरी दुर्गमका गाउँबस्तीमा क्यान्सरबारे ज्ञानको अभाव अझै गहिरो छ। क्यान्सरका प्रारम्भिक लक्षण, नियमित स्वास्थ्य परीक्षण आदिबारे पर्याप्त जानकारी नहुँदा रोग ढिलो पत्ता लाग्ने गरेको छ। जब बिरामी अस्पताल पुग्छन्, रोग जटिल अवस्थामा पुगिसकेको हुन्छ। यसले उपचार खर्च मात्र होइन, ज्यान नै जोखिममा पारेको छ।

जनचेतना कार्यक्रम प्रभावकारी बनाउन स्थानीय तह, विद्यालय, स्वास्थ्य चौकी, महिला समूह, युवा क्लव तथा सञ्चारमाध्यमलाई सक्रिय रूपमा परिचालन गर्न सकिन्छ। अनलाइन, रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल तथा स्थानीय भाषामा तयार गरिएका सूचना सामग्री मार्फत क्यान्सरबारे जानकारी पुऱ्याउन सकिन्छ। साथै, गाउँ-गाउँमा निःशुल्क स्वास्थ्य परीक्षण शिविर, मुख, पाठेघर, स्तन क्यान्सर जस्ता सामान्य तर घातक क्यान्सरको प्रारम्भिक जाँचलाई नियमित बनाउनु आवश्यक छ।

प्रदेश सरकारले अहिले दिइरहेको आर्थिक सहयोगलाई उपचारमा मात्र सीमित नराखी रोकथाममुखी योजनासँग जोड्न सकिन्छ। उदाहरणका लागि धूमपान तथा सुर्तीजन्य पदार्थ नियन्त्रण, स्वस्थ खानपान प्रवर्धन, खोप कार्यक्रम विस्तार र वातावरणीय प्रदूषण न्यूनीकरण जस्ता काममा लगानी बढाउन सकिन्छ। यस्ता प्रयासले दीर्घकालमा राज्यको स्वास्थ्य खर्च घटाउनुका साथै नागरिकको जीवनस्तर उकास्न मद्दत पुऱ्याउँछ। क्यान्सर नियन्त्रणको दिगो समाधान उपचारमा होइन, समयमै जानकारी, सचेतना र रोकथाम भएमा यस रोगबाट धेरैलाई बचाउन सकिन्छ। अबको आवश्यकता उपचारमुखी सोचबाट बाहिर निस्केर रोकथाम र जनचेतनालाई राष्ट्रिय प्राथमिकतामा राख्नु पर्छ।

विकसित देशमा उपचारमा भन्दा बढी स्क्रिनिङमा ध्यान दिइन्छ, जसले क्यान्सरको पहिचान शुरु अवस्थामै हुन्छ। शुरु अवस्थामा चाल पाउन सके क्यान्सरको पूर्ण उपचार गर्न सकिन्छ। नेपालमा क्यान्सरका बिरामीमध्ये ८० प्रतिशत तेस्रो र चौथो चरणमा मात्र आउने हुँदा उपचार गरेर आयु लम्ब्याउन मात्र सकिन्छ। चौथो चरणको क्यान्सरलाई पूर्णरूपमा ठिक गर्न सकिन्न।

विदेशमा स्वास्थ्य परीक्षण गर्ने समय तालिका दिइएको हुन्छ। तर, नेपालमा बिरामी भएर उपचार गर्न जाँदा महिनौंसम्म पालो कुर्नुपर्ने बाध्यता छ। क्यान्सर उपचार तीन तरिकाबाट हुन्छ- एउटा सर्जरीबाट, अर्को विकिरणले सेक्ने रेडियोथेरापीबाट र अर्को किमोथेरापीबाट। यसबाहेक इम्युनोथेरापी पनि छ, तर नेपालमा अत्यधिक महँगो पर्छ। धेरै नेपाली इम्युनोथेरापीको पहुँचभन्दा बाहिर छन्। त्यो भारतबाट ल्याइयो भने एक पटक लगाएको पाँच लाख भारतीय रुपैयाँसम्म पर्छ। नियमित लगाउनुपर्ने पनि हुन्छ।

# महिनावारी, महिला र मानसिक तनाव



रेखा सापकोटा

महिनावारी महिला जीवनमा हुने प्राकृतिक, अनिवार्य र जैविक मासिक प्रक्रिया हो। किशोरावस्थामा प्रवेश गरेसँगै महिलाको शरीरमा हर्मोनको प्रभावका कारण गर्भाशयबाट महिनामा एकपटक रक्तस्राव हुने प्रक्रिया शुरु हुन्छ, जसलाई हामी महिनावारी भन्छौं। सामान्यतयाः यो प्रक्रिया १२ देखि १५ वर्षको उमेरमा शुरु भएर ४५ देखि ५० वर्षसम्म निरन्तर रहन्छ। महिलालाई गर्भधारणका लागि शारीरिक रूपमा तयार पार्नु महिनावारीको मुख्य उद्देश्य हो। यसले शरीरलाई स्वच्छ, सन्तुलित र स्वस्थ राख्न मद्दत गर्छ।

महिनावारी कुनै रोग, दोष वा अशुद्धता होइन, बरु महिलाको स्वास्थ्य र जीवन चक्रसँग प्रत्यक्ष जोडिएको प्राकृतिक अवस्था हो। तर दुर्भाग्यवश, हाम्रो समाजमा महिनावारीलाई अझै पनि अपवित्रता, अशुद्धता र लाजसँग जोडेर हेरिन्छ। महिनावारी हुनु महिलाका लागि संसारकै सबैभन्दा सुन्दर र अहोभाग्यपूर्ण जैविक क्षमता हो भन्ने बुझाइ अझै व्यापक रूपमा स्थापित हुन सकेको छैन। यसको सट्टा, महिनावारी भएका बेला महिलालाई भान्सामा नजानु, धार्मिक कार्यबाट टाढा राख्नु, अरूसँग नछुनु जस्ता प्रतिबन्ध लगाइन्छ। कतिपय ठाउँमा अझै पनि छाउपडी जस्ता अमानवीय प्रथाले निरन्तरता पाइरहेका छन्, जसका कारण महिलाले ज्यान गुमाउनुपरेका घटना समेत छन्।

महिनावारीसँग जोडिएको लाज, डर र पारिवारिक तथा सामाजिक दबाबले महिलाको मानसिक स्वास्थ्यमा गम्भीर असर पारिरहेको छ। विशेषगरी किशोरी अवस्थाका छात्राहरूमा महिनावारी शुरु हुनु भनेको शारीरिक परिवर्तनसँगै मानसिक द्वन्द्वको शुरुवात पनि हो। धेरै किशोरीहरू महिनावारीको समयमा आफैंलाई तनावग्रस्त महशुस गर्छन्। विद्यालयमा महिनावारीबारे खुलेर कुरा नगर्ने संस्कार, सरसफाईको पर्याप्त सुविधा नहुनु र साथीसँग समेत लुकाउनुपर्ने अवस्थाका कारण उनीहरूको पढाइ समेत प्रभावित हुने गरेको पाइन्छ। कतिपयले महिनावारीकै कारण विद्यालय जान छाड्ने, कक्षामा ध्यान दिन नसक्ने र आत्मविश्वास गुमाउने अवस्था भोग्छन्।

महिनावारीका बेला आराम, पोषणयुक्त खाना र व्यक्तिगत सरसफाई अत्यन्त आवश्यक हुन्छ। तर, लापरवाही वा जानकारीको अभावका कारण संक्रमण, प्रजनन स्वास्थ्य सम्बन्धी समस्या र दीर्घकालीन जटिलता देखिन सक्छ। यस्ता शारीरिक समस्या मानसिक तनावका कारण पनि बन्छन्। जब महिलाले आफ्नो शरीरका आवश्यकता माथि ध्यान दिन पाउँदैनन्, तब उनीहरूमा चिडचिडापन, निराशा र आत्मग्लानीको भावना बढ्न सक्छ।

परम्परागत सोच, अन्धविश्वास र धार्मिक ग्रन्थहरूको गलत व्याख्याका कारण महिलाले महिनावारीको समयमा विभिन्न किसिमका भेदभाव र प्रतिबन्ध सहनु परेको छ। पुरुष प्रधान समाजमा महिला सम्बन्धी विषयमा खुलेर कुरा नगर्ने चलनले महिनावारीलाई अझै गोपनीयताको घेराभित्र थुनेको छ। पुस्तौंदेखि हस्तान्तरण हुँदै आएका गलत मान्यताले महिनावारीलाई छाउप्रथा जस्ता अमानवीय अभ्याससम्म पुऱ्याएको छ।

महिलालाई 'सहनशील हुनुपर्छ' भन्ने मानसिकता सानैदेखि विकास गराइन्छ। यसले गर्दा किशोरावस्थाका बालिकाहरू सामाजिक जवाफदेहिता र परिवारको दबाबका कारण मानसिक यातना भोग्न बाध्य हुन्छन्। उनीहरूले आफ्ना समस्या, पीडा र डर कसैसँग व्यक्त गर्न सक्दैनन्। कतिपय समुदायमा महिनावारी भएको बेला देवता रिसाउने, अशुभ हुने वा घरमा नकारात्मक असर पर्ने विश्वास गरिन्छ। यस्ता मान्यताहरू पूर्ण रूपमा अन्धविश्वास हुन्, जसको कुनै वैज्ञानिक आधार छैन।

महिनावारीको समयमा शरीरमा विभिन्न लक्षण देखिनु सामान्य हो। पेट दुख्ने, ढाड दुख्ने, स्तन कडा हुने र दुख्ने, कब्जियत हुने, डन्डिफोर आउने, थकान महशुस हुने जस्ता लक्षण धेरै महिलामा देखिन्छन्। यी सामान्य लक्षणहरू भए पनि सही हेरचाह नगरेमा पीडा बढ्न सक्छ।

महिनावारीका बेला पेटमा तातो पानीको सेक (हट ब्याग) राख्दा पीडा कम गर्न सहयोग पुग्छ। तातो पानी पिउने, चिया, सुप, गेडागुडीको झोल तथा हरिया सागसब्जी प्रशस्त खाने गर्नुपर्छ। हलुका व्यायाम, जस्तै हिँडडुल वा स्ट्रेचिङले पनि शरीरलाई सहज बनाउँछ। खाने र सुत्ने समय नियमित राख्नु अत्यन्त जरुरी हुन्छ, नत्र महिनावारी अनियमित हुने वा थप समस्या देखिन सक्छ।

धेरै महिलामा महिनावारी हुनुभन्दा करिब एक साता अगाडिदेखि नै सानो कुरामा चित्त दुख्ने, मुडस्विङ हुने, चिडचिडापन बढ्ने, रुन मन लाग्ने जस्ता मानसिक लक्षण देखिन्छन्। यस अवस्थालाई 'प्रिमेन्स्ट्रुअल सिन्ड्रोम (PMS)' भनिन्छ। यो पनि सामान्य अवस्था हो, तर परिवार र समाजले यसलाई बुझेर सहयोगी भूमिका खेल्न सके महिलाको मानसिक बोझ धेरै हदसम्म कम हुन सक्छ।

महिनावारी नारी जीवनको कमजोरी होइन, बरु जीवन सृष्टिको आधार हो। यस यथार्थलाई आत्मसात् गर्दै परिवार, समाज, विद्यालय र सञ्चारमाध्यमले महिनावारीलाई स्वाभाविक विषयका रूपमा प्रस्तुत गर्नुपर्छ। विद्यालयस्तरदेखि नै महिनावारी र प्रजनन् स्वास्थ्यबारे वैज्ञानिक र व्यवहारिक शिक्षा दिन आवश्यक छ। परिवारमा आमाबुबाले छोरीसँग खुला रूपमा कुरा गर्ने वातावरण बनाउनुपर्छ।

समाजले महिला माथि थोपारिएका गलत मान्यता र विभेद हटाउन सामुहिक प्रयास गर्नुपर्छ। सञ्चारमाध्यमले पनि महिनावारीलाई लाजको विषय होइन, स्वास्थ्य र अधिकारसँग जोडिएको विषयका रूपमा प्रस्तुत गर्न सक्छ। राज्यले छाउपडीजस्ता कुप्रथाको अन्त्यका लागि कानून मात्र होइन, प्रभावकारी कार्यान्वयन र जनचेतनामा जोड दिनुपर्छ।

अन्ततः महिनावारीलाई सामान्य मानवीय प्रक्रिया भनेर स्वीकार नगरेसम्म महिलाको शारीरिक र मानसिक स्वास्थ्यमा पर्ने नकारात्मक असर रोक्न सकिँदैन। महिलाले सम्मान, सुरक्षा र आत्मसम्मानका साथ महिनावारी व्यवस्थापन गर्न पाउने वातावरण निर्माण गर्नु आजको आवश्यकता हो। महिनावारीसँग जोडिएको मानसिक तनाव कम गर्न समाजको सोच परिवर्तन नै सबैभन्दा प्रभावकारी औषधि हो।

*लेखक बाल्मीकि एजुकेशन फाउण्डेशनकी शिक्षिका हुन्।*






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, प्रशंसकहरू बढ्ने छन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** दिन मध्यम छ, यात्राको प्रकृया अघि बढाउन सकिने योग छ, तत्काल हतार गरेर गरेका काममा नोक्सानी व्यहोर्नुपर्ने हुनसक्छ, धैर्य गर्नुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** समय बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सोचेभन्दा धेरै नतिजा प्राप्त हुनेछ, शुभ समाचार आउनाले मन प्रशन्न रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौशलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** दिन शुभ रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईको लागि लाभदायक हुनेछ, आजबाट प्रेम सम्बन्ध सुमधुर रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** आज साथी-भाइसँग छोटो दुरीको रमाइलो यात्रा हुनाले मन प्रशन्न रहला, स्वास्थ्यमा गडबढी हुने देखिएको छ, अपरान्नपछि खानपानमा ध्यान दिनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** तपाईको शुभ समयको शुरुवात हुनेछ, नयाँ कामका अवसर आउनेछन्, जीवनको अमूल्य निर्णय गर्ने समय आएको छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** सन्तानबाट राम्रो खबर सुन्न पाइनेछ, लामो दुरीको यात्रा हुनेछ, खानपानमा ध्यान दिनुहोला, हतारको निर्णयले काम बिग्रन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** उत्तरार्द्ध पछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, शुभ खबर सुन्न पाइने छ मान-सम्मानमा वृद्धि हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारिक जमघटमा रमाइलो हुने समय छ, खर्च बढ्ने छ, धैर्य रहनुहोला ।

मिति २०८२/१०/२२ बिहीबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. २,९५,७००/-
चाँदी
प्रति तोला
रु. ५,०३०/-

# मोरङमा १२ हजार बढी बालिकालाई एचपीभी खोप दिइने

**मोरङ, माघ २२।** मोरङमा पाठेघरको मुखको क्यान्सरबिरुद्ध लगाइने एचपीभी खोप १२ हजारभन्दा बढी बालिकालाई दिने तयारी गरिएको छ।

त्यसका लागि जिल्लाव्यापी खोप अभियान माघ २५ गतेदेखि शुरु हुनेछ। कक्षा ६ मा अध्ययनरत् तथा विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका १२ हजार सात सय ५५ बालिकालाई लक्षित गरी तीनदेखि पाँच दिनसम्म खोप अभियान सञ्चालन गरिने स्वास्थ्य कार्यालय मोरङले जनाएको छ।

अभियानका लागि आवश्यक सबै तयारी पूरा भइसकेको कार्यालयले जनाएको छ। त्यसका लागि जिल्लाभर आठ सय २७ वटा खोप केन्द्र तोकिएको छ। विराटनगरमा आयोजित सञ्चारकर्मी तथा सरोकारवाला अभिमुखीकरण कार्यक्रममा स्वास्थ्य कार्यालय मोरङका प्रमुख तथा जिल्ला खोप समन्वय समितिका सदस्य सचिव योगराज घिमिरेले एचपीभी खोप दीर्घकालीन सार्वजनिक स्वास्थ्य सुरक्षाको महत्वपूर्ण आधार भएको बताए।

गत वर्ष खोपबाट छुटेका १० देखि १४ वर्ष उमेर समूहका बालिकालाई समेत यसपटक अनिवार्य रूपमा समेट्ने लक्ष्य रहेको घिमिरेको भनाइ छ। एचपीभी अर्थात् ह्युमन प्यापिलोमा भाइरस पाठेघरको मुखको क्यान्सरको प्रमुख कारण मानिन्छ।

जनस्वास्थ्य अधिकृत उत्सव पोखरेलका अनुसार एचपीभी खोप सुरक्षित, प्रभावकारी र वैज्ञानिक रूपमा प्रमाणित छ। खोपले प्रजनन क्षमता वा दीर्घकालीन स्वास्थ्यमा नकारात्मक असर पार्छ भन्ने




प्रचार निराधार भएको पनि पोखरेलको भनाइ छ। नेपालमा पाठेघरको मुखको क्यान्सर महिलामा देखिने गम्भीर रोगमध्ये एक हो। हरेक वर्ष एक हजारभन्दा बढी महिलाले यसकै कारण ज्यान गुमाउने गरेको स्वास्थ्य कार्यालयले जनाएको छ।

मोरङमा मुखको क्यान्सर रहेको वा नरहेको पत्ता लगाउन ३० वर्षमाथिका महिलाका लागि नियमित भीआईए स्क्रिनिङ भइरहे पनि मूल जोखिम घटाउन किशोरी उमेरमै खोप आवश्यक रहेको घिमिरेको भनाइ छ। खोप अभियानका लागि सम्बन्धित केन्द्रमा खोप र खोपजन्य सामग्रीको ढुवानी शुरु भएको उनले जानकारी दिए।

समयमै खोपजन्य सामग्री सम्बन्धित केन्द्रमा पठाएर अभियानलाई सफल एवम् प्रभावकारी बनाइने उनको भनाइ छ। त्यसका लागि कोल्ड चेन व्यवस्थापन, अभिलेख प्रणाली, तालिम प्राप्त जनशक्ति र आकस्मिक स्वास्थ्य व्यवस्थापनको तयारी पूरा भइसकेको स्वास्थ्य कार्यालयले जनाएको छ।

अघिल्लो वर्ष सहरी क्षेत्रमा सामाजिक सञ्जालमार्फत फैलिएको भ्रमका कारण खोप अभियान सञ्चालनमा निकै चुनौती देखिएको स्मरण गर्दै जनस्वास्थ्य अधिकृत पोखरेलले यसपटक प्रत्यक्ष संवाद र तथ्यमा आधारित सचेतनालाई प्राथमिकता दिइएको बताए। उनका अनुसार अनआवश्यक, मिथ्या एवम् भ्रामक सूचनाका कारण गत वर्ष ग्रामीण क्षेत्रमा भन्दा कोशी प्रदेशको राजधानी रहेको विराटनगरमा खोप कार्यक्रम सञ्चालनमा चुनौती देखिएको थियो।

खोप अभियानलाई अभियान सफल बनाउन स्थानीय तह, विद्यालय, शिक्षक, स्वास्थ्य स्वयम्सेविका, अभिभावक लगायत सबै पक्षसँगको सहकार्य निर्णायक हुने सरोकारवालाहरूले बताए। स्वास्थ्य प्रमुख घिमिरेले विद्यालय बाहिर रहेका बालिकाको पहिचान एवम् संख्या यकिनमा केही चुनौती भए पनि स्थानीय तह र महिला स्वास्थ्य स्वयम्सेविकाको सहयोगमा उनीहरूलाई पनि खोपको पहुँचमा ल्याइने जानकारी दिए।

आगामी वर्षदेखि एचपीभी खोपलाई नियमित राष्ट्रिय खोप कार्यक्रममा समावेश गर्ने तयारी समेत अघि बढेको छ। स्वास्थ्य विज्ञहरूका अनुसार एचपीभी खोप किशोरी उमेरमै लगाउनु महिलाको स्वास्थ्य र जीवन जोगाउने सबैभन्दा प्रभावकारी उपाय हो। मोरङमा शुरु हुन लागेको खोप अभियानले बालिकालाई मात्रै नभएर समाजमा वैज्ञानिक सोच र स्वास्थ्य सचेतनालाई समेत बलियो बनाउने अपेक्षा गरिएको छ।

# सोहराय पर्वमा सन्थाल संस्कृति झल्कियो




**बिर्तामोड, माघ २२।** बिर्तामोड नगरपालिका-९ स्थित गरामनीमा सन्थाल समुदायको महान पर्व सोहरायको अवसरमा शुभकामना आदान-प्रदान तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ।

सन्थाल मार्साल डाहार सुसार समाजको आयोजनामा सम्पन्न कार्यक्रममा सन्थाल समुदायको मौलिक संस्कृति, परम्परा र पहिचान झल्किने विविध सांस्कृतिक प्रस्तुति प्रस्तुत गरिएको थियो। परम्परागत नृत्य, गीत-संगीत र भेषभूषाले कार्यक्रम स्थललाई उत्सवमय बनाएको थियो।

सोहराय पर्व सन्थाल समुदायको प्रमुख सांस्कृतिक उत्सव हो। धानबाली भित्र्याएपछि मनाइने यो पर्व कृषि चक्र, पशुपालन र प्रकृति प्रतिको कृतज्ञतासँग जोडिएको मानिन्छ। परिवार, समाज र प्रकृतिबीचको सहअस्तित्वलाई प्रतीकात्मक रूपमा अभिव्यक्त गर्ने यो पर्व पूर्वी नेपालका झापा र मोरङ जिल्लामा विशेष उत्साहका साथ मनाइँदै आएको छ।

कार्यक्रमका प्रमुख अतिथि प्रदेश सांसद एकराज कार्की थिए। कार्यक्रममा प्रतिनिधि सभाका निवर्तमान सभामुख देवराज घिमिरेले सन्थाल समुदायको मौलिक संस्कृति, भाषा र परम्पराको संरक्षणमा राज्य र समुदाय दुवैको सक्रिय भूमिका आवश्यक रहेको बताए। उनले सांस्कृतिक विविधता नेपालको शक्ति भएको उल्लेख गर्दै आदिवासी समुदायको पहिचान जोगाउन साझा प्रयास अपरिहार्य रहेको धारणा राखे।

कार्यक्रममा बिर्तामोड नगरप्रमुख पवित्रा महतारा प्रसाई, उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, वडा नम्बर ७ का वडाध्यक्ष अविरल कृष्ण खरेल, वडा नम्बर ९ का वडाध्यक्ष हरिप्रसाद चौलागाँई, वडा नम्बर १० का वडाध्यक्ष दुर्योधन गुरुङ, कार्यपालिका सदस्य संगीता सिवा, हडम मुर्मू लगायत जनप्रतिनिधि तथा समुदायका अगुवाहरूको उपस्थिति रहेको थियो।

सांस्कृतिक कार्यक्रममा भारतबाट आएका कलाकार नानोक हस्दा, सोनाली सोरेन, अजित मुर्मू, भोला मुर्मू लगायतले विशेष प्रस्तुति दिएका थिए। स्थानीय कलाकार सोराहीले पनि कार्यक्रमलाई थप जीवन्त बनाएका थिए। कार्यक्रमको अध्यक्षता मुकेस हस्दाले गरेका थिए भने सञ्चालन श्याम मुर्मुले गरेका थिए।

आधुनिकता र शहरीकरणका कारण आदिवासी समुदायका मौलिक संस्कृतिहरू संकटमा पर्दै गएको सन्दर्भमा यस्ता कार्यक्रमले सांस्कृतिक संरक्षण, पहिचान सुदृढीकरण र पुस्तान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास आयोजकले व्यक्त गरेका छन्।

# अर्जुनधारा धाममा महाशिवरात्रि पर्व मनाइने

**अर्जुनधारा, माघ २२।** महाशिवरात्रि पर्वको अवसरमा आगामी फागुन ३ गते पूर्वको पशुपतिनाथले परिचित अर्जुनधारा नगरपालिका-७ स्थित अर्जुनधारा जलेश्वर धाममा विशेष कार्यक्रम हुने भएको छ।

महाशिवरात्रि पर्वको तयारी बारे जानकारी दिने उद्देश्यले धाम प्राङ्गणमा बिहीबार आयोजित पत्रकार भेटघाटमा धाम व्यवस्थापन समितिका अध्यक्ष नविन गट्टानीले जानकारी दिए। उनका अनुसार पर्वको दिन बिहान ४ बजेदेखि भगवान शिवमा जलार्पणसहित पूजापाठ, ८ बजेदेखि २४ घण्टा अखण्ड हवनात्मक रुद्रीपाठ, महाशिवरात्रिका चार प्रहर पूजा, श्रृंगार आरती, साँझ ७ बजेदेखि 'एक साँझ शिवका माझ' भजन सन्ध्या र ४ गते बिहान ८ बजेदेखि तिलकपाती एवम् प्रसाद वितरण लगायत कार्यक्रम रहेको बताइएको छ।

महाशिवरात्रि पर्वको महिमाबारे चर्चा, ११ जना आचार्यबाट यजमानसहितको अखण्ड हवनात्मक रुद्रीपाठ र राष्ट्रिय कलाकारद्वय सत्यराज आचार्य र स्वरुपराज आचार्यसँगै स्थानीय कलाकारहरुको साथमा भजन सन्ध्या हुने कार्यक्रम भएको हुँदा पर्वको विशेष महत्व रहेको धामका मूलअर्चक अग्निप्रसाद सिग्देलले दावी गरे। यज्ञ, अनुष्ठान हवनद्वारा राष्ट्रमा शान्ति कायम, भक्तजनहरुमा भक्ति भावको विकास र वातावरण शुद्ध हुने हुँदा यस किसिमको कार्यक्रममा सहभागी हुने समितिका अध्यक्ष गट्टानीले सबैमा आह्वान गरेका छन्।

कार्यक्रमको उद्घाटन धार्मिक एवम् सामाजिक व्यक्तित्व बिर्तामोडका स्थायी बासिन्दा हाल भारत निवासी विलास खतिवडाले गर्ने बताइएको छ। समितिका अध्यक्ष गट्टानीको अध्यक्षतामा आयोजित कार्यक्रममा महासचिव एवम् कार्यक्रम सञ्चालक शिवलाल खतिवडाले कार्यक्रमसहितको प्रतिवेदन प्रस्तुत गरेका थिए।


## बिमालेख हरायो

बिर्तामोडबाट घैलाडुब्बा जाने क्रममा यही मिति २०८२/०९/०२ गते मेरो निम्न व्यहोराको लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- गिनिज न्यौपाने
**ठेगाना**:- घैलाडुब्बा-७, झापा
**पोलेसी नं.**:- २५२७०५६७६
**कम्पनी नाम**: लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
**सम्पर्क**: ९८१४०४६७२५

## बिमालेख हरायो

बिर्तामोडबाट दमक जाने क्रममा यही मिति २०८२/०९/०१ गते मेरो निम्न व्यहोराको लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- मुस्कान चौधरी
**ठेगाना**:- दमक नपा-६, झापा
**पोलेसी नं.**:- २५२७०६०७०
**कम्पनी नाम**: लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
**सम्पर्क**: ९८५२६७०२०

## वैदेशिक रोजगार

यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ। सम्पर्क गर्नुहोला।

HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क: ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा

## Ganapati Bakers
Finest Bakery in town



गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।

सम्पर्क नम्बर:
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

शुद्ध दूधको स्वस्थ उत्पादन
## कोसेली

"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैँ तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।

**कालिका डेरी,**
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

अब बिर्तामोडमा
## डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
- पेट सम्बन्धी समस्या
- मुटु सम्बन्धी समस्या
- राति निद्रा नलाग्ने
- छाती दुख्ने
- फोक्सो सम्बन्धी समस्या
- बाथ
- थाईराईड
- रक्तचाप
- मधुमेह



डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

विशेषज्ञ डाक्टरहरुको सेवा अब
## कान्तिपुर मेडिसीन सेन्टर

उपचार हुने रोगहरु :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ

यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

## वैदेशिक रोजगार

के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **खगोल ओभरसिजलाई** सम्झनुहोस्। **यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ।**
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

## वैदेशिक रोजगार

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

## हामीलाई सम्पर्क गर्नुहोस्

सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
*नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३


## आयुर्वेद उपचार

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क : ९८१८७९३९८६, ९८५२६८८९८६

## मार्बल शिलालेख

यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
**एल. बि. आर्ट**
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड
अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६००
९८१६०४९८००

## UPVC झ्याल ढोका



टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस्।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

## सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस्।

कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला। साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४४५००३

UNited International Group
## UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

## सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
## प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

## आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक

१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरु :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

नि:शुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईको सेवामा!
हाम्रो स्थानहरु :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*



सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
**देवराज गिरी**
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

## कार्की ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा



बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. : ९८०३२५०४७२
९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई



बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा, झापा
## कर्मचारी आवश्यकता

प्रकाशित मिति: २०८२/१०/२३

यस क्याम्पसमा तपसिल बमोजिम पदका लागि कर्मचारी आवश्यक परेको हुँदा योग्यता पुगेका १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ।

तपसिल

| पद | आवश्यक संख्या | सेवाको प्रकृति | न्यूनतम योग्यता | अन्य योग्यता | परीक्षाको किसिम | प्राथमिकता | परीक्षा शुल्क |
|---|---|---|---|---|---|---|---|
| सहायक लेखापाल | १ | पूर्णकालिन करार | व्यवस्थापन विषय लिई १२ कक्षा उत्तीर्ण | कम्प्युटरको सफ्टवेयर र हार्डवेयर सम्बन्धी विशेष दक्षता भएको | लिखित, कम्प्युटर प्रयोगात्मक र अन्तरवार्ता | अनुभव प्राप्त लाई | रु. ५००/- |

**निवेदनका साथ संलग्न गर्नुपर्ने कागजात** : SEE र Class 12 उत्तीर्ण प्रमाण पत्रको प्रतिलिपि, नेपाली नागरिकता र अनुभव भए सो को प्रमाणपत्रका प्रतिलिपिहरु
**तलब भत्ता** : क्याम्पसको नियम बमोजिम
**निवेदन दिने अन्तिम मिति** : २०८२ फागुन ०१ गते शुक्रबार बिहान १०:०० बजेसम्म
**लिखित परीक्षाको मिति** : २०८२फागुन ०३ गते आइतबार दिउासो १:०० बजेदेखि।
**कम्प्युटर प्रयोगात्मक तथा अन्तरवार्ता परीक्षा मिति:** २०८२ फागुन ४ गते सोमबार बिहान ११:०० बजेदेखि र अन्तरवार्ता दिउँसो २:०० बजेदेखि।

नोट : लिखित परीक्षाका लागि सामान्य ज्ञान १८, अंग्रेजी १५, नेपाली १५, लेखा २८ र कम्प्युटर सम्बन्धी २४ पूर्णाङ्क निर्धारण गरिएको छ। साथै कम्प्युटर प्रयोगात्मक २५ र अन्तरवार्ता २५ गरी जम्मा १५० पूर्णाङ्कको परीक्षा कायम गरिएको छ। लिखित परीक्षाको पाठ्यक्रम आवेदन दरखास्त दिँदा प्राप्त गर्न सकिने छ।

**सम्पर्क : ०२३-५५२१५३, ५५२८५३/९८४२७८६४१६** — **क्याम्पस प्रमुख**

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

## नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/१०/२३

कम्पनी ऐन २०६३ बमोमिज स्थापना भएको यस कम्पनीको प्रा.लि. नं. २५१८४२/०७७/०७८ को साविक श्री क्युरीयस माईन्ड्स एजुकेशनल कन्सन्टेन्सी प्रा.लि.को नाम परिवर्तन गरी श्री मिसन एब्रोड स्टडी प्रा.लि. कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भईसकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बनिधत सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**श्री मिसन एब्रोड स्टडी प्रा. लि.**
मेनपा-१३, चारअली, झापा, नेपाल